नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः ०७६/०७७
चलानी नं. ९९८

मितिः २०७७।०३।०२

विषयः दुई सिफ्टमा कार्यालय संचालन गर्ने सम्बन्धमा।

श्री निवृत्तभरण व्यवस्थापन कार्यालय, काठमाण्डौ ।
श्री कुमारीचोक तथा केन्द्रिय तहशिल कार्यालय, काठमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु (सबै)

उपरोक्त सम्बन्धमा मन्त्रिपरिषद्को मिति २०७७।०२।२८ को निर्णयानुसार सरकारी कार्यालयहरु (बिहान ८ बजे देखी दिउसो १ बजे सम्म र दिउसो १ बजे देखी साँझ ६ बजे सम्म) दुई सिफ्टमा संचालन गर्नु पर्ने भएकाले तहाँ कार्यालयमा पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराउँदै बजेट भुक्तानी निकासा कार्य अविच्छिन्न रुपमा सम्पादन गर्ने गरी दुई सिफ्टमा कार्यालय संचालन हुने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ।

संलग्न
मिति २०७७।०२।२८ को मन्त्रिपरिषद्को निर्णय (पाना ४)

..............................
निरज के.सी.
उप महालेखा नियन्त्रक

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

म.बै./३२१/६५०१

मिति: २०७७/२/२८

श्री शैक्षिय माशिला महाशाखा प्रशासनसँग समन्वय गरी कार्यान्वयन गर्ने

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

कोभिड-१९ सम्बन्धी विषय मं.प.बै.सं. १६/०७७ मिति २०७७/२/२८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

नेपाल सरकारको निर्णय-

"विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार देहायबमोजिमको आदेश जारी गर्ने । सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने —

१. देहायबमोजिमका सेवा र कार्यहरू हाललाई सञ्चालन नगर्ने:-
   (क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालीम केन्द्र);
   (ख) अनुमतिप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरू;
   (ग) तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत;
   (घ) सबै प्रकारका सभा, गोष्ठी, तालीम, सेमिनार;
   (ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;
   (च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल;
   (छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना;
   (ज) स्पा, सैलुन तथा ब्युटी पार्लर;
   (झ) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब;
   (ञ) सपिङ मल;
   (ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति;
   (ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;
   (ड) यात्रुवाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत);

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

(ढ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने मोटरसाइकल र निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन।

२. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरू सञ्चालन गर्नेः-

(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत);
(ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि बिक्री वितरणसम्मका सबै श्रृङ्खला);
(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर;
(घ) सबै प्रकारका ढुवानी;
(ङ) पैदल आवागमन;
(च) साइकल;
(छ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने मोटरसाइकल (चालक मात्र रहने गरी) र निजी सवारी साधन (चालकबाहेक थप २ जनासम्म मात्र सवार हुने);
(ज) फोहरमैला व्यवस्थापन;
(झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा;
(ञ) बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा;
(ट) नर्सरी र वनजन्य उद्यम;
(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत);
(ड) निर्माण कार्य (निजीसमेत);
(ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी र बिक्रीवितरण;
(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा;

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

संख्या :



(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन;

(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरू (विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने);

(द) सार्वजनिक तथा जोर विजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने);

(ध) अत्यावश्यक काममा अन्तरजिल्ला आवागमन गर्नुपरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनु पर्ने;

(न) व्यवसायीहरूले औषधी र औषधीजन्य सामग्रीहरूको नियमित आपूर्तिको व्यवस्था गर्ने। अभाव देखाइ मुल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने;

(प) संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम जारी यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल राज्यका सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सोका लागि स्थानीय प्रशासन ऐन, २०२८ को समेत आवश्यकता अनुसार प्रयोग गर्ने;

(फ) संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुर्‍याउने व्यक्तिलाई सोहि ऐनबमोजिम सजाय हुने ।

फोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
फ्याक्स : ४२११०६५, ४२११०८६

उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरूको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागू गर्नुपर्नेछ। यस आदेशको क्रमसङ्ख्या २ को खण्ड (ज), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म कायम रहनेछ। परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थ:**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ।
श्री सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
श्री सचिव, खानेपानी मन्त्रालय ।
श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री सचिव, युवा तथा खेलकुद मन्त्रालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, वन तथा वातावरण मन्त्रालय ।
श्री सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
श्री सचिव, सहरी विकास मन्त्रालय ।

४२११०७३, ४२११०२१, ४२११०३८
: ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
४२११०६५, ४२११०८६, ४२११०३८
...@opmcm.gov.np